नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**(वातावरण व्यवस्थापन शाखा)**

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००२८३
web page: www.mofald.gov.np
सिंहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७२/७३
च.नं. ३८३

**मितिः– २०७२।१२।१७**

**विषयः नदीजन्य पदार्थ उत्खनन/संकलन सम्बन्धमा ।**

**श्री जिल्ला विकास समितिको कार्यालय**
**७५ वटै ।**

प्रस्तुत विषयमा नदीजन्य पदार्थ उत्खनन्/संकलनको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्विकृत गर्ने अधिकार जिल्ला विकास समिति (बोर्ड) लाई प्रत्यायोजन गरिएको व्यहोरा यस मन्त्रालयको च.नं. ३४६, मिति २०७२।११।१८ को पत्रबाट जानकारी गराई सकिएको छ ।

विभिन्न जिल्लाहरुमा निर्माण सामाग्री (नदीजन्य पदार्थ) को अभावमा सार्वजनिक निर्माण सुधारको काममा असर पुगेको र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन(EIA) स्वीकृत नभएको कारण यस्ता सामाग्री संकलन उत्खनन् गर्न नसकिएको भन्ने गुनासो रहेको छ । मिति २०७२।११।१८ को निर्णयानुसार उक्त सामग्रीको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूचि (TOR) तथा प्रतिवेदन स्वीकृतिको अधिकार सम्बन्धित जिल्ला विकास समितिको बोर्डहरुलाई प्रत्यायोजन गरी सकिएकाले तपसिल बमोजिमका विषयहरुलाई ध्यान दिदै वातावरण संरक्षण ऐन, २०५३ र नियमावली २०५४ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन त्यहीबाटै स्वीकृत गरी निर्माण सामाग्रीको असहजता हटाउनु हुन नेपाल सरकार (सचिवस्तर) मिति २०७२।१२।१७ को निर्णयानुसार अनुरोध छ ।

तपसिलः

१. वातावरण संरक्षण ऐन, २०५३ र नियमावली २०५४ को व्यवस्थाको अधिनमा रही जिल्लाको आवश्यकता बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्विकृति प्रक्रिया छोट्याउन अध्ययन टोलीले प्रस्ताव गरेको कार्ययोजनामा प्रस्तावित समयावधि छोटो पार्ने ।
२. नदीजन्य पदार्थको आवश्यकता परेपछि मात्र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रकृया प्रारम्भ गर्दा स्वीकृत प्रकृयामा लाग्ने समयको कारण समस्या पर्ने भएकाले आगामी आ.व.को लागि कम्तिमा अघिल्लै आ.व.मा प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन स्वीकृत गर्ने तथा वातावरणीय प्रभाव मूल्यांकन(EIA) गर्नुपर्ने भए अघिल्लो आ.व.मा नै सबै प्रकृया पूरा गरी सम्बन्धित निकायमा स्वीकृतिका लागि पेश गर्ने ।

**(रमिला भण्डारी)**
**शाखा अधिकृत**

**बोधार्थ :**
**श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरवार, काठमाडौं ।**
**श्री जनसंख्या तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाडौं ।**
**श्री सूचना तथा विद्युतीय शासन शाखा, स.मा. तथा स्था.वि.म.: बेवसाइटमा** Upload **गर्नुहुन ।**